# कटहरी राजपत्र

कटहरी गाउँपलिकाद्वारा प्रकाशित

खण्ड (१) कटहरी, मोरङ, १ नं. प्रदेश, नेपाल, महिना असार २० गते, २०७५ (नियमित)

## भाग-१

(गाउँसभाबाट स्वीकृत)

## कटहरी गाउँपालिकाको बिनियोजन ऐन, २०७५

# कटहरी गाउँपालिकाको विनियोजन ऐन




# २०७५

**कटहरी गाउँपालिकाको कार्यालय**

**कटहरी–मोरङ**

# कटहरी गाउँपालिकाको विनियोजन ऐन

# २०७४

**कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

***सभाबाट स्वीकृत मितिः*** २०७५/०३/२०

**<u>प्रस्तावनाः</u>** कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कटहरी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम ***कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०७५*** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची - १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३१,७३,१९,०००। ***(अक्षेरुपी एकतीस करोड त्रिहत्तर लाख उन्नाइस हजार मात्र)मा*** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कटहरी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

*रु. हजारमा*

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | १९,५७,७५,००० | गाउँकार्यपालिका | ५,००,००,००० | २६,७३,१९,००० | ३१,७३,१९,००० |
| २ | ९,१५,४४,००० | बिषयगत शाखा (शसर्त) | | | |
| ३ | १,५०,००,००० | गतको मौज्दात | | | |
| ४ | १,५०,००,००० | आन्तरिक आय | | | |

प्रमाणीकरण मितिः २०७५/०४/१५ आज्ञाले

काजीमान राई

प्रमुख प्रशासकीय अधिकृत